# दोधारा चाँदनी नगरपालिकाको नगद सहायता सञ्चालन कार्यविधि २०७८

## दोधारा चाँदनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कन्चनपुर
## सुदुरपश्चिम प्रदेश, नेपाल

**तयार गर्नेः**

## नगर कार्यपालिकाको कार्यालय
दोधारा चाँदनी, कन्चनपुर

**दोधारा चाँदनी नगरपालिकाको नगद सहायता सञ्चालन कार्यविधि २०७८**

**प्रमाणीकरण मितिः २०७८/../..**

**प्रस्तावना**ः यस दोधारा चाँदनी नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट प्रभावित जनतालाई राहत तथा जीविकोपार्जन सहयोगार्थ प्रदान गरिने नगद सहयोगलाई ब्यवस्थित् एवं संस्थागत गरी प्रक्रियागत एकरुपता ल्याउनको लागि यस कार्यविधि बनाउन बान्छनीय भएकाले यस दोधारा चाँदनी नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम “परशुराम नगरपालिकाको नगद सहायता सञ्चालन कार्यविधि २०७८” रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **ऐन** भन्नाले दोधारा चाँदनी नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्दछ।

(ख) **राहत** भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामाग्रीलाई सम्झनु पर्दछ।

(ग) **नगद सहायता** भन्नाले विपदको समयमा या विपद पश्चात प्रभावित व्यक्ति वा परिवारलाई प्रदान गरिने आर्थिक (नगद) सहयोगलाई सम्झनु पर्दछ। यस प्रकारको नगद सहयोग विपद् पूर्वानुमानमा आधारित वित्तीय लगानी वा विपद् व्यवस्थापन कोषमा पनि लागू हुने छ।

(घ) **कोष** भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोषलाई सम्झनु पर्दछ।

(ङ) **प्रभावित व्यक्ति** भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गाजमिन, पशुपन्छी, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तिमा आंशिक वा पूणरूपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झनु पर्दछ।

(च) **समिति** भन्नाले यस नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(छ) **उप-समिति** भन्नाले यस नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको दफा २१ अनुसार आवश्यकता रहेमा गठन गरिने नगद- सञ्चालन अनुगमन तथा मुल्यांकन उप-समितिलाई सम्झनु पर्दछ ।

(ज) **संयोजक** भन्नाले समितिको संयोजकलाई सम्झनु पर्दछ।

(झ) **नगद सहयोग पद्दति/ढाँचा** भन्नाले यस कार्यविधिको दफा १२ को उपदफा (२) मा उल्लेख गरिए बमोजिम कुनै पनि श्रोतबाट लाभान्वित व्यक्तिमा नगद प्रवाह गर्दा अपनाईने प्रणाली एवं ढाँचालाई सम्झनु पर्दछ।

(ञ) **वित्तीय सेवा प्रदायक** भन्नाले कुनै पनि बैंक, सहकारी संथा, रेमिट्यान्स कम्पनी वा सोही अनुसारका नेपाल सरकारको प्रचलित कानून तथा नियमनमा रही स्थापना भइ विभिन्न प्रकारले वित्तीय सेवाहरु प्रदान गर्ने वा गरेका संथाहरुलाई सम्झनु पर्दछ।

(ट) **न्यूनतम खर्च टोकरी** भन्नाले प्रतिव्यक्ति जीविकोपार्जनका लागि आवश्यक पर्ने खाद्यान्न एवं अन्य अति-आवश्यक वस्तु तथा सेवा-सुविधाको निमित्त प्रति परिवार प्रति महिना आवश्यक पर्न जाने समग्रमा एकमुष्ठ आर्थिक आकार हो भन्ने सम्झनु पर्दछ।

(ठ) **वितरण पश्चात अनुगमन** भन्नाले राहत तथा पुनर्लाभिका लागि प्रदान गरिएको नगद तथा भौचर कार्यक्रमको उपयोगिता एवं प्रभावकारिताबारे अध्यन गर्ने उद्देश्यले वितरण पश्चात गरिने अनुगमनलाई सम्झनु पर्दछ।

(ड) **बिपद् प्रतिकार्यात्मक सामाजिक सुरक्षा** भन्नाले विपदको अवस्थामा सबै भन्दा बढी प्रभावित हुन जाने विशेष-संकटासन्न समुहका नागरिकलाई विपद्को सामना गर्न सहयोगार्थ उपलब्ध गराईने सामाजिक सुरक्षा सम्बन्धी कार्यलाई सम्झनु पर्दछ।

(ढ) **बजारको द्रुत-लेखाजोखा** भन्नाले कुनै पनि विपद्को घट्ना पश्चात् द्रुत गतिमा गरिने बजारको लेखाजोखालाई सम्झनु पर्दछ।

(ण) **विपद्-पूर्व बजार नक्सांकन** भन्नाले सामान्य अवस्थामा विपद् पूर्वतयारीको उद्देश्यले बजार सञ्चालनका मुख्य तत्वहरु, विपदले प्रभाव पार्न सक्ने क्षेत्रहरु, गोदाम-ढुवानीको अवस्था, आयात-निर्यातको अवस्था, अत्यावस्यक सामाग्रीहरुको उपलब्धता, बजार मूल्य तथा विपदको समयमा सृजना हुन सक्ने अवस्थाबारेमा विपद् पूर्व गरिने अध्ययन एवं नक्सांकनलाई सम्झनु पर्दछ।

(त) **विद्युतीय नगद** भन्नाले विधुतीय माध्यमबाट लाभग्राहीसम्म पुर्याईएको नगद रकम तथा पुर्याउने विधिलाई सम्झनु पर्दछ। यस अन्तर्गत बैंक तथा वित्तीय सेवा प्रदायकहरुको खातामा जम्मा गरेको रकम, मोबाइल फोनको एस.एम.एस. मार्फत पठाइएको रकम, विधुतीय कार्डहरुमा जम्मा गरिएको रकम, तथा उक्त सेवाप्रदायकहरु मार्फत् जम्मा गरिने या लाभग्राही सम्म पुर्याउने जस्ता कार्यलाई सम्झनु पर्दछ।

(थ) **भौचर** भन्नाले राहत सहायता प्रदान गर्न प्रयोगमा ल्याइने कागज तथा विद्युतीय कार्ड जसमा निश्चित सामग्रीको सूची सहित उपलब्ध गराइने शर्तहरु उल्लेख गरिएको हुन्छ, लाई सम्झनु पर्दछ।

## परिच्छेद – २
## नगद सहायताको औचित्य, उद्देश्य तथा नगदको श्रोत

३. **नगद सहायताको औचित्यः** विपद् पश्चात प्रदान गरिने राहतको बढ्दो विविधीकरणसंगै बढ्दो एवं विभिन्न न्यूनतम् आवश्यकताहरु हुने र ति मध्ये अति आवश्यक वस्तु हासिल गर्न सहयोग पुर्याउने उद्देश्यले वस्तुगत राहत सामग्रीसंग या अलग्गै राहत स्वरुप नगद सहायता प्रदान गर्ने प्रावधान रहेको छ।

४. **नगद सहायताको विशेष उद्देश्य :**

विपद पश्चात स्थानीय बजार तथा सेवाहरु आंशिक या पूर्ण रुपमा सञ्चालन भएको, अथवा प्रभावित समुदायहरु शिघ्र-पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणको अवस्थामा आइपुगेको अवस्थामा नगद सहायता गर्नुको निम्नानुसारका विशेष उद्देश्यहरु रहेका छन्:

(१) मानवीय सहायतालाई मर्यादित बनाउनुका साथै विपद् प्रतिकार्यलाई छिटो, छरितो र सहभागितात्मक बनाउने,

(२) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनको माध्ययमबाट विपद् प्रभावितहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने,

(३) गुणक-प्रभावद्वारा आर्थिक पुनर्लाभमा सहयोग पुर्याउने,

(४) विपद् प्रभावित घर/परिवारले आ-आफ्नो अवस्था (क्षतिको स्तर, अत्यावश्यक वस्तुहरु आदि) अनुसार सहज रुपमा आफ्नै छनौट अनुसार वस्तु एवं सेवा प्राप्त गर्न सहज बनाउने,

(५) नगद प्रवाह मार्फत स्थानीय बजार तथा सेवा सुचारु गर्न मद्धत पुर्याउने,

(६) "कामका लागि नगद (पैसा)/**Cash for Work**" जस्ता नगद सहायता कार्यक्रम मार्फत सार्वजनिक सुविधाहरु जस्तै बाटो, कुलो, पिउने पानी, स्वास्थ्य, शिक्षा जस्ता क्षेत्रको सिघ्र पुनर्लाभ एवं पुनर्स्थापनमा टेवा पुर्याउने, र

(७) नगद सहितको राहत सहयोग मार्फत व्यक्तिगत रुपमा अत्यावश्यक सेवा-सुबिधा तथा सामग्री हासिल गरी समतामूलक तथा गरिमामय जीवन निर्वाह गर्न मद्दत पुर्याउने र सुरक्षाका चुनौतीहरुलाई समेत सामना गर्न सहज बनाउने ।

५. **नगद सहायताको श्रोतः**

(१) यस नगरपालिकाको *नगर विपद् व्यवस्थापन कोष परिचालन निर्देशिका*को अधिनमा रही उक्त कोषमा जम्मा हुन आएको रकम,

(२) नगद सहायता कार्यक्रमकै उद्देश्यले संघ, सम्बन्धित् प्रदेश एवं जिल्ला बाट उपलब्ध गराइएको राहत सहयोग (नगद),

(३) नगद सहायता कार्यक्रमकै उद्देश्यले छिमेकी स्थानीय तहहरुबाट प्राप्त सहयोग,

(४) विपद् व्यवस्थापन तथा मानवीय सहयोगको क्षेत्रमा कार्य गरिरहेका, तथा गर्न इच्छुक साझेदार संघ, संस्था, तथा निकाय मार्फत कार्यक्रमको लागि स्वीकृत बिनियोजित बजेट,

(५) साझेदार संघ, संस्था, बिकास साझेदार तथा संयुक्त राष्ट्रसंघका नियमित तथा विशेष कार्यक्रम मार्फत उपलब्ध गराइएको आर्थिक सहयोग,

(६) नेपाल सरकारको प्रचलित कानूनको अधिनमा रहि संकलन भएको/हुन आउने यस दोधारा चाँदनी नगरपालिकाको अन्य आम्दानी ।

## परिच्छेद – ३
## कार्यविधिको उद्देश्य तथा प्रयोग

६. **कार्यविधिको उद्देश्य तथा प्रयोग**

(१) विपद् व्यवस्थापन ऐन २०७५ ले प्रदान गरेको व्यवस्था अनुसार यस दोधारा चाँदनी नगरपालिकाले विपद् व्यवस्थापन कार्यलाई अझ व्यवस्थित गर्न अन्तर्राष्ट्रिय एवं राष्ट्रिय प्रतिबद्धताहरुलाई कार्यन्वयन गर्न, एवं विकासको बढ्दो अवस्थामा नयाँ र छरितो पद्धति एवं औजारहरु प्रयोग गरी प्रतिकार्यलाई सरल, पारदर्शी र सहभागितामुलक बनाउने उद्देश्यले ऐनको दफा ११ अनुसार सबै संघ संस्था एवं निकायहरुसंग समन्यव एवं साझेदारी गरी अध्ययन, विकास एवं कार्यान्वन गर्न/गराउन,

(२) कार्यक्रमको उपयोगिता तथा प्रभावकारिता सुनिश्चित गर्न सघाउ पुर्याउने उद्देश्यले विपद्को अवस्थाको अध्ययन, विपद्-पश्चात बजारको स्थिति तथा अवस्थाको अध्ययन, प्रभावित व्यक्ति तथा परिवारहरुको विशेष आवश्यकताको अध्ययन, नगद-सहायता कार्य गर्न अपनाइने अन्य आधारभूत अध्ययनहरु गर्न/गराउन,

(३) तथ्यांक संकलन तथा विश्लेषण, योजना निर्माण एवं कार्यान्वन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यमा समान बुझाई एवं एकरूपता प्रदान गर्न/गराउन,

(४) विभिन्न अध्ययन तथा लेखाजोखाहरुको विश्लेषणको आधारमा अवस्थानुसार निर्णय गरी आवश्यक एवं उपयुक्त नगद सहायता कार्यक्रम सञ्चालन गर्न/गराउन,

(५) प्रति लाभग्राहीलाई प्रदान गरिने नगद सहायताको परिमाण निर्धारण गर्न/गराउन,

(६) गैर सरकारी संस्था एवं अन्य साझेदारी संघ-संस्था तथा निकायहरुसंग/द्वारा राहत स्वरुप प्रदान गरिने नगद सहायतालाई व्यवस्थापन गर्न/गराउन,

(७) स्थानीय नगद सहायता संयोजक/**Municipal Cash Coordinator** लाई मार्गनिर्देश गर्न/गराउन,

(८) आवश्यक निर्देशन, अनुगमन तथा मूल्यांकन गर्न,

(९) राहतको रुपमा प्रदान गरिने नगद सहायता सम्बन्धी मापदण्ड स्वीकृत गरी कार्यन्वयन गर्न/गराउन, सोहि प्रकृतिका कार्यक्रमहरुको स्वीकृती दिने/नदिने निर्णय गर्न,

(१०) नियमित बजार अनुगमन गरी कालो बजारी गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने तथा अप्राकृतिक तरिकाले मूल्यवृद्धि गर्ने कार्यहरुलाई निरूत्साहित, नियन्त्रण तथा नियमन गर्न,

(११) समितिको निर्णय अनुसार ऐनको परिधिभित्र रही आवश्यक पर्न जाने अन्य कार्य गर्न/गराउन, र

(१२) सहयोगी साझेदार संघ/संस्था तथा निकायहरुको कार्य तथा सहयोगलाई निम्नानुसार व्यवस्थापन गर्न/गराउनः

(क) यस कार्यविधिको प्रावधान बमोजिम कार्य गर्न यस नगरपालिकालाई सहकार्य मार्फत सहयोग गर्न,

(ख) यस नगरपालिकामा दक्ष एवं अनुभवी "स्थानीय नगद सहायता संयोजक/**Municipal Cash Coordinator**" नरहेको अवस्थामा वा थप आवश्यकता हुन गएको अवस्थामा सहयोगी संस्थाकै व्यवस्थापन अन्तर्गत रही "नगद सहायता कार्यक्रम" सञ्चालन अवधिभर "संयोजक" उपलब्ध गराई सहयोग गर्न,

(ग) तथ्यांक संकलन तथा विश्लेषण, योजना निर्माण एवं कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्य गर्न यस नगर विपद् व्यवस्थापन समितिलाई सहकार्य मार्फत सहयोग गर्न,

(घ) विभिन्न अध्ययन तथा लेखाजोखाहरुको विश्लेषणको आधारमा अवस्थानुसार तथ्यपरक निर्णय गर्न समितिसंगको सहकार्य मार्फत सहयोग गर्न,

(ङ) नगद सहायता कार्यक्रमलाई नियमित प्रकृतिको राहतको प्याकेजमा समावेश गर्न प्राबिधिक सहयोगको आवश्यकता पर्दा उक्त सहयोगलाई विशेष प्राथमिकता दिई सहकार्य मार्फत सहयोग गर्न,

(च) प्रभावित व्यक्ति तथा परिवारलाई सहकार्यात्मक रुपले नगद सहायता कार्यक्रम सञ्चालन गर्न इच्छुक नेपाल सरकारबाट मान्यता प्राप्त संघ-संस्था, ब्यापारिक केन्द्र, निजि क्षेत्र, धार्मिक तथा परोपकारी संस्थाहरु तथा व्यक्तिहरुले ऐनको परिधिभित्र रहि नगद सहायताको पद्दति/ढाँचा (मोडालिटी) तयार गरी यस कार्यविधि अनुरुप कार्यक्रम बनाई समितिसंगको सहकार्य एवं साझेदारीमा प्रचलित कानूनसंमत रही सञ्चालन गर्न,

(छ) नगद सहायता कार्यक्रमलाई प्रभावकारी बनाउन विपद्-पूर्व गरिने बजार नक्सांकन एवं लेखाजोखा, लाभग्राहीहरुको बिस्तृत तथ्याङ्क सङ्कलन एवं विश्लेषण, वित्तीय सेवाप्रदायकहरुको उपस्थिति, क्षमताको आँकलन एवं आवश्यक सम्झौता, जीविकोपार्जन तथा विपद्ले प्रभाव पार्न सक्ने आर्थिक क्षेत्रहरुको विश्लेषण आदि कार्य गर्न दक्ष तथा अनुभवी जनसक्ति सहित यस नगरपालिकालाई सहायोग गर्न।

## परिच्छेद – ४

## योजना तर्जुमा, समन्यव तथा सहकार्य

### ८. योजना तर्जुमा सम्बन्धी व्यवस्था :

(१) विपद्को घटना घटेको सुरुवाती चरणमै नगरपालिकाले विपद् व्यवस्थापनको क्षेत्रमा यहाँ कार्यरत साझेदार संघ-संस्थाहरुसंग सहकार्य गरी नगद सहयोग सम्बन्धी आवश्यक कार्य गर्ने छ ।

(२) बजारको अवस्थाको द्रुत प्रारम्भिक विश्लेषण गरी नगद सहयोगको सम्भाव्यता अध्ययन गरिसकेपछि त्यसको आधारमा नगद सहायता योजना तर्जुमा गरिने छ ।

(३) योजना निर्माण गर्दा या निर्णय प्रक्रियामा निम्न विषयहरुमा ध्यान दिईनेछः

(क) विपद् व्यवस्थापन चक्रमा कुन स्थितिमा अहिलेको अवस्था छ, उक्त अवस्था अनुसार ढाँचा/मोडालिटी छनौट गर्ने ।

(ख) ऋतु तथा मौषम उपयुक्त छ/छैन, उक्त ऋतु/मौषममा कुन ढाँचाको नगद सहायता कार्य अपनाउदा नकारात्मक प्रभाव कम गर्न सकिन्छ भन्ने विषयको निर्क्योल गर्ने ।

(ग) कार्यक्रमको बजेट कति छ, सबै या आंसिक प्रभावितहरुलाई उक्त बजेट प्रयास हुन्छ, लक्षित बजेट अपुग हुने भएमा सहयोग आव्हान गर्ने या लक्षित समुह/ परिवार निर्धारण गर्ने भन्ने ।

(घ) व्यवस्थापन तथा सञ्चालन खर्च कति हुन जान्छ, उक्त शीर्षकमा अधिक खर्च हुने देखिएमा ढाँचा/मोडालिटी उपर छलफल गरी आवश्यक परेमा ढाँचा/मोडालिटी परिवर्तन गर्ने ।

(ङ) सुरक्षा सम्बन्धी के कस्तो व्यवस्था छ, नगद प्रवाह गर्दाको चुनौती एवं अवसर के कस्ता छन् भन्ने विषयको अध्ययन गरी निर्क्योल गर्ने ।

(च) तत्कालिन स्थानीय बजारको अवस्था कस्तो छ भन्ने विषयको अध्ययन गरी निर्क्योल गर्ने ।

(छ) तत्कालिन अवस्था एवं उपलब्ध व्यवस्था अनुसार आवश्यक निर्णय गर्ने ।

## ९. समन्वय सम्बन्धी व्यवस्थाः

(१) तथ्यांक संकलन, अवस्था विश्लेषण, नगद सहायताको ढाँचा/मोडालिटी तयार, योजना तर्जुमा एवं कार्यन्वयन तथा अनुगमन कार्य गर्न विपद् व्यवस्थापनको क्षेत्रमा यहाँ कार्यरत साझेदार संघ-संस्थाहरु, गैर सरकारी संस्था, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा बिकास साझेदारहरुसंग सहकार्य गरी गरिने छ ।

(२) लाभग्राहीसंगको छलफल मार्फत सल्लाह-सुझावमा आधारित योजना तर्जुमा गर्न विभिन्न समुदायस्तरका आवश्यक छलफल कार्यहरु गरिने छ।

(३) लाभग्राही छनौट गर्ने क्रममा प्रभावित क्षेत्रमा लाभग्राहीहरुलाई निम्न कुराहरुको अग्रिम जानकारी गराइने छः

(क) छनौटको प्रक्रिया के हो, के के उपलब्ध हुने हो, कति र किन त्यति बराबरको नगद सहायता पाउने हो ?

(ख) वास्तविक छुटेका लाभग्राहीहरु कसरी सहभागीको सूचीमा सामेल हुने, प्रक्रियाहरु के के अपनाउनु पर्ने हो ? यस्तो अवस्थामा कहाँ, कहिले, कसलाई सम्पर्क गर्नु पर्ने हो ?

(ग) नगद सहायता कहिले र कहाँ पाइने हो ? घरका सदस्यहरुमा को-कसले पाउन योग्य हुने हो ?

(घ) एक पटक हो या पटक पटक पाउने हो, कसरी सहयोग उपलब्ध हुने हो ?

(४) निजि क्षेत्र जस्तैः बैंक तथा वित्तीय सेवाप्रदायक, उद्योग बाणिज्य संघ आदि संगको समन्वय यस कार्यका लागि अपरिहार्य हुने हुनाले समिति, सहयोगी संस्थाहरु तथा यस नगरपालिकामा रहेका सम्बन्धित सरकारी कार्यालयहरुले सुरुवाती चरण देखि नै निजि क्षेत्र तथा संस्थानहरुसंग सहकार्य गर्ने, गराउने र आवश्यक सम्झौता गर्ने।

(५) दफा ९ को उपदफा (४) अनुसार समन्वय तथा सहकार्य गर्दा निम्न विषयमा विशेष छलफल भई सहमति गरिनुपर्दछः

(क) समितिको अगुवाइमा के, किन र कस्तो कार्यक्रम, कहिले सम्म सञ्चालनमा आउने, कुन ठाउँमा र कति रकम बराबरको कार्यक्रम हो भन्ने बारेमा जानकारी आदानप्रदान गर्ने, गराउने।

(ख) सेवाप्रदायकहरुको कस्तो भूमिका हुन सक्छ, कार्यक्रममा सहभागी हुनका लागि कुन स्तरको क्षमता छ भन्ने बारेमा आवश्यकता अनुसार सम्झौता गर्ने र समय-समयमा अद्यावधि गर्ने।

(ग) सेवाप्रदायकहरु विपद प्रभावित तथा पूर्व-पहिचान गरेका अति बिकट एवं संकटासन्न स्थानमा सेवा प्रदान गर्नको लागि नगरपालिकाले सुरक्षा सम्बन्धी व्यवस्थाको लागि समन्वय गर्ने ।

(६) यस नगरपालिकाभित्र रहेका सुरक्षा निकाय, छिमेकी स्थानीय तहहरु, जिल्ला विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति तथा प्रदेश र संघीयस्तरका सम्बन्धित बिभाग/केन्द्रहरु एवं राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणसंग पनि नियमित रुपले सूचना तथा सेवा आदानप्रदान गर्न तथा गराउन समन्वय/सहाकार्य गरिनेछ ।

## परिच्छेद –५
## लेखाजोखा तथा विश्लेषण

**१०. नगद सहायता कार्यक्रमः अवस्था लेखाजोखाः**

(१) प्रचलित विधिसंमत विपद्को प्रभाव लेखाजोखाको आधारमा नगद सहायता कार्यक्रम सञ्चालन गर्ने या नगर्ने निर्णय यस समितिले गर्ने छ ।

(२) बजारको द्रुत-लेखाजोखा गर्न यस समितिले तत्कालै निर्णय गर्ने छ र दफा २६ को अनुसूची ३ को संछिप्त आधारभूत बजार-व्यवसाय संरचना तथा सञ्चालन फारम प्रयोग गरी बजारको न्यूनतम सूचना संकलन गरिने छ ।

(क) यस परिमार्जित संक्षिप्त फारमको प्रयोगबाट बजारको तत्कालिन अवस्थाबारेमा जानकारी हुनेछ भन्ने उद्देश्य लिईएको छ ।

(ख) न्यूनतम निर्वाहमुखी बजार नहुदा नगद सहायताको कुनै औचित्य नहुने हुँदा बजारको न्यूनतम सञ्चालन अवस्था, आवश्यक सामग्रीको उपलब्धता, खुद्रा तथा थोक व्यवसायको अवस्था एवं क्षमता, बजारसम्मको पहुँच, माग-आपूर्ति सम्बन्ध, प्रतिस्पर्धात्मक अवस्था आदिको अति-आधारभूत जानकारी हुनुपर्ने हुनाले यि विषयवस्तु समेटिने गरि मुख्य आधार-प्रश्नहरुको उत्तर उक्त अनुसूची ३ को फारमको प्रयोग गरी संकलन गरिने छ ।

(३) विपद्-पूर्व बजार नक्सांकन (**PCMA**) गर्नाले सामान्य अवस्थामा बजार सञ्चालनका मुख्य तत्वहरु, विपद्ले प्रभाव पार्न सक्ने क्षेत्रहरु, गोदाम-ढुवानीको अवस्था, सामग्रीहरुको उपलब्धता, खुद्रा-थोक व्यवसायको सम्बन्ध एवं प्रचलित वस्तु तथा सेवाहरुको मूल्य साथै विपद्को समयमा सृजना हुन सक्ने अवस्थाबारेमा जानकारी हुनजान्छ ।

(क) यदि सामान्य अवस्थामा (विपद् अगावै) सूचना संकलन गरिएमा विपद् प्रतिकार्य क्षमता बिस्तार गर्न सकिने र विपद्को समयमा प्रतिकार्य सहज गर्न मद्दत पुग्ने छ ।

(ख) विपद्-पूर्व बजार नक्सांकन गर्न परामर्शदाताको सहयोग लिन सकिने छ ।

(ग) विपद्-पूर्व बजार नक्सांकन गरेको अवस्थामा त्यसको सूचना प्रयोग गरी बजारको तत्कालिन अवस्थाको जानकारी प्राप्त गरी उचित निर्णयको आधार प्राप्त गरिने छ ।

(४) नगद प्रवाह सम्बन्धी सहकार्य गर्न बैंक तथा वित्तीय सेवा प्रदायकहरुको उपस्थिति, उपलब्ध सेवाहरु, प्रबिधि तथा क्षमता आदिको जानकारी संकलन गरिनु पर्दछ जसले नगद सहायताको ढाँचा/मोडालिटी छनौट गर्ने प्रक्रियामा निर्णायक आधार प्रदान गर्ने छ ।

**११. नगद सहायता कार्यक्रमः अवस्था विश्लेषणः**

(१) विभिन्न तथ्यांक संकलनका औजारहरु तथा पद्दति मार्फत संकलित सूचनाहरुका आधारमा नगद सहायता कार्यक्रम सञ्चालन गरिने छ ।

(२) दफा १० अनुसार संकलित सूचनाहरु, विपद्को अवस्थाबारे संकलित नियमित बुलेटिन तथा अवस्थाबारे आधिकारिक जानकारीहरु र जोखिम विश्लेषणको आधारमा नगद सहायता गर्नु उचित या अनुचित भन्ने निश्कर्ष सहित यस दोधारा चाँदनी नगरपालिकाको विपद व्यवस्थापन

समिति या समितिको निर्णय अनुसार नगद सहायता सञ्चालन अनुगमन तथा मुल्यांकन उप-समितिले निर्णय गर्ने छ ।

(३) नगद सहायता कार्य गर्न अथवा नगद प्रवाह गर्दा हुन सक्ने जोखिम, सम्भावित असरहरु तथा न्यूनीकरणका उपायहरु अध्ययन अनिवार्य रुपमा गरिनेछ।

(४) संकलित सूचना तथा तथ्यांकहरुको विश्लेषणको आधारमा कार्यक्रम सञ्चालन गर्ने या नगर्ने, गर्ने भए कुन ढाँचा/मोडालिटीको गर्ने, कहिले र कसरी गर्ने भन्ने बारेमा निर्णय गरिने छ र सम्बन्धित् सबैलाई जानकारी गराइनेछ ।

## परिच्छेद –६

## परियोजना विकास

### १२. निर्णय तथा लक्ष्य निर्धारण:

(१) दफा १० र ११ को अधिनमा रही अनुसूची ५ को न्यूनतम खर्च टोकरी (**MEB**) को आधारमा उक्त खर्च टोकरीको कति प्रतिसत नगद सहायता निर्धारण गर्ने सहितको निर्णयको आधारमा यसै दफाको उपदफा (२) मा उल्लेख गरिए बमोजिम अवस्थानुसार उपयुक्त ढाँचा (**Modality**) मा सहायता गरिने छ ।

(२) निम्न उल्लेखित ढाँचाहरु (**Modalities**) बाट कुनै एक या एक भन्दा बढि गरी संयुक्त रुपमा तथ्यपरक अवस्थाको विश्लेषण पश्चात नगद सहायता प्रदान गरिने छः

(क) बहुउद्देश्यीय नगद सहयोग (**Multi-purpose Cash Grants**)

| | |
|---|---|
| प्रक्रिया | - विपद प्रभावितहरुलाई राहत स्वरूप निर्धारित आर्थिक/नगद सहायता तत्काले एक पटक या पटक पटक गरी प्रदान गरिने छ ।<br>- लाभग्राहीहरुको बैंक खाता मार्फत (नभएको अवस्थामा खाता खोल्न सहयोग गरी), या वित्तीय सेवा प्रदायकहरुले सञ्चालन गर्ने मोबाइल एप्स मार्फत, या स्मार्ट कार्ड (नगद भौचर) मार्फत नगद सहायता प्रबाह गरिने छ । यस्तो प्रबन्धको चुनौती भएमा खुल्ला नगद प्रदान गर्न पनि सकिने छ । |
| कुन अवस्थामा यो ढाँचा छनौट गर्ने? | - विपद् पश्चात जन-धनको क्षति हुन गई विभिन्न अत्यावस्यक राहत सामाग्रीहरु सहायता गर्न समय लाग्ने र व्यवस्थापन चुनौतिहरु हुने अवस्था भएमा,<br>- फरक-फरक न्यूनतम् आवश्यकताहरु पूर्ति गर्न असहज परिस्थिति हुने अवस्था भएमा,<br>- निर्धारित वस्तुगत सहायताले उक्त आवश्यकताहरु पुर्ति गर्न नसक्ने अवस्था भएमा,<br>- बजार सञ्चालन भएको या तत्काल हुन सक्ने अवस्था भएमा, र<br>- अन्य सम्बन्धित निर्णयहरुको आधारहरुमा |

(ख) ससर्त नगद अनुदान (**Conditional Cash Grants**)

| | |
|---|---|
| प्रक्रिया | - लाभग्राहीहरुलाई अवस्था र आवश्यक्ताको विश्लेषणको आधारमा शिघ्र पुनर्लाभ, पुनर्लाभ तथा पुनर्निर्माण या पुनर्स्थापना कार्यमा सघाउन आर्थिक सहायता/अनुदान सहयोग गरिने छ ।<br>- लाभग्राहीहरुको बैंक खाता मार्फत (नभएको अवस्थामा खाता खोल्न सहयोग गरी), या वित्तीय सेवा प्रदायकहरुले सञ्चालन गर्ने मोबाइल एप्स मार्फत, या स्मार्ट कार्ड मार्फत नगद सहायता प्रबाह गरिने छ । यस्तो प्रबन्धको चुनौती भएमा खुल्ला नगद प्रदान गर्न पनि सकिने छ । |
| कुन अवस्थामा यो ढाँचा छनौट गर्ने? | - कुनै पनि क्षेत्रगत शिघ्र-पुनर्लाभ, पुनर्लाभ तथा पुनर्निर्माण या पुनर्स्थापना कार्य, जस्तै आवास-पुनर्निर्माण, कृषिमा पुनर्लाभ, शिक्षामा पुनर्स्थापना आदि कार्यमा प्रभावित व्यक्ति/परिवार तथा समुदायले आफै उक्त कार्य सम्पन्न गर्ने गरेमा या यस्तै प्रकारको सहायता हुने अवस्था भएमा,<br>- समग्र घरेलु तथा स्थानीय अर्थव्यवस्थामा टेवा पुर्याउने उद्देश्य लिईएको अवस्थामा,<br>- विपद प्रभावितहरुलाई शिघ्र पुनर्लाभ, पुनर्लाभ तथा पुनर्निर्माण या पुनर्स्थापना कार्यहरु मार्फत स्वरोजगारी प्रदान गरी विपद प्रतिकार्य पुनर्लाभ गर्ने अवस्था भएमा। |

(ग) कामको लागि नगद (पैसा) कार्यक्रम (**Cash for Work Programme**)

| | |
|---|---|
| प्रक्रिया | - निश्चित "**<u>काम गरे बापत पाउने नगद</u>**" को आकार (कामको लागि नगद) पहिले निश्चित गरिने छ ।<br>- स्थानीय सार्वजनिक सेवा-सुबिधाहरु (जस्तै बाटो, कुलो, स्वास्थ्य, शिक्षा, खानेपानी आदि) पुनर्निर्माण तथा सेवा सुचारु गर्नुपर्ने अवस्था रहेमा स्वलक्षित (आत्म लक्षित/**Self Targetting**) विधि अपनाई निश्चित दिन/घण्टा काम गरे बापत नगद सहायता प्रदान गरिने छ ।<br>- विपद् प्रभावित व्यक्तिहरुले आफू उक्त कार्य गर्न इच्छुक छु भनी नाम दर्ता गराउनु पर्ने हुनाले उक्त कार्यकाबारेमा अग्रिम जानकारी गराइने छ।<br>- उक्त कार्य गरेबापत पाउने दैनिक सहायता रकम स्थानीय दर-रेट अनुसार सामान्य तथा कुशल श्रमशक्तिको आधारमा निर्णय गरिने छ ।<br>- उक्त कार्यका लागि छनौट गरिएको व्यक्ति तथा परिवारले तोकिएको अधिकतम कार्य-दिन भन्दा बढि काम गर्न पाउने छैनन् । घुम्ती व्यवस्था अनुसार एक परिवारले उक्त काम गरिसकेपछि अर्को छुटेको अथवा इच्छुक परिवारका सदस्यलाई प्रदान गरिनेछ । |

| | |
|---|---|
| कुन अवस्थामा यो ढाँचा छनौट गर्ने? | - कुनै निश्चित समुह अथवा परिवारहरुलाई विपद्ले निकै असहज परिस्थिति सृजना गरेको अवस्थामा निज समुह अथवा परिवारले नगद/पैसाका लागि काम गर्ने ईच्छा जाहेर गरेको अवस्था भएमा,<br>- स्थानीय सेवा-सुविधाहरु सिघ्र-पुनर्लाभ, पुनर्लाभ, पुनर्निर्माण तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था रहेमा,<br>- विपद् पश्चात ठूलो जनसंख्याको हिस्सा बेरोजगार हुनगई रोजगारीको अवस्था सृजना गर्नु पर्ने अवस्था भएमा,<br>- स्थानीय रोजगारीका अवसरहरु विपद्ले नराम्ररी प्रभावित गरेको अवस्था भएमा। |

(घ) भौचर पद्दति मार्फत अत्यावश्यक सामग्री सहायता (**Voucher Programme**)

| | |
|---|---|
| प्रक्रिया | - सामाग्री भौचर प्रणाली अनुसार निश्चित निर्धारित अत्यावश्यक अथवा उद्देश्य अनुरुपका सामानहरु तोकिएको कागजी तथा विधुतीय भौचरमा उल्लेख गरी निश्चित सेवाकेन्द्र अथवा थोक तथा खुद्रा सेवा प्रदायकहरु मार्फत लाभग्राहीले आवश्यक सर-सामान उपलब्ध गर्ने छन् ।उक्त कार्यका लागि निश्चित सेवाकेन्द्र अथवा थोक तथा खुद्रा सेवा प्रदायकहरुसंग यस समितिले या सहयोगी संघ-संस्थाले विशेष सम्झौता गरिने छ ।<br>- भौचर सहायतामा कुनै विशेष क्षेत्र जस्तै खाद्य सुरक्षा या बहुक्षेत्रीय अत्यावश्यक दैनिक निर्वाहका वस्तु तथा सेवा प्रदान गर्ने, सिघ्र-पुनर्लाभ तथा पुनर्निर्माणको सेवाको उद्देश्य लिई सहायता सामग्रीहरुको सूची तयार गरिने छ र उक्त सूचीमा रहेका सामग्रीहरु मात्र लाभग्राहीलाई उपलब्ध गराइने छ। |
| कुन अवस्थामा यो ढाँचा छनौट गर्ने? | - विशेष गरी विपद् पश्चात खाद्य सुरक्षा, कृषिमा आधारित जीविकोपार्जन, आवास आदि सिघ्र-पुनर्लाभ, पुनर्निर्माण तथा पुनर्स्थापना गर्न प्रभावित जनसमुदायको क्षमताले नसक्ने अवस्था रहेमा,<br>- विपद तथा कुनै संकटको अवस्थामा अत्यावश्यक दैनिक उपभोगका वस्तु प्राप्त गर्न कठिन भएमा,<br>- कुनै निश्चित समुह अथवा परिवारहरुलाई विपद्ले निकै असहज परिस्थिति सृजना गरेको अवस्थामा उक्त समुह अथवा परिवारहरुले स्व-पुनर्लाभ तथा स्व-पुनर्निर्माण कार्य गर्न सक्ने सहज अवस्था भएमा,<br>- विपद् पश्चात ठूलो जनसंख्याको हिस्सा बेरोजगार हुन गई तत्कालै रोजगारीको अवस्था सृजना गर्नु पर्ने अवस्था भएमा,<br>- स्थानीय रोजगारीका अवसरहरु विपद्ले नराम्ररी प्रभावित गरेको अवस्था भएमा। |

(ङ) विपद् प्रतिकार्यात्मक सामाजिक सुरक्षा सहयोगार्थ थप रकम (**SRSP Top-Up supports**)

| | |
|---|---|
| प्रक्रिया | - सामाजिक सुरक्षा विशेष लाभग्राहीहरु (जस्तै बालबालिकाहरु, सुत्केरी एवं गर्भवती महिला, ज्येष्ठ नागरिक, एकल महिला आदि) विपद्को प्रभावले उच्च संकटासन्न अवस्थामा हुने हुनाले सामान्य नागरिकलाई जस्तै गरी (सोसरह) प्रदान गरिएको सहयोगले विशेष आवश्यकताहरु पूर्ति गर्न नसक्ने हुनाले अवस्था र रकमको उपलब्धताको आधारमा थप नगद सहायता प्रदान गरिने छ । |
| कुन अवस्थामा यो ढाँचा छनोट गर्ने ? | - सहयोगको निर्धारण गर्ने सामान्य मानकमा सामाजिक सुरक्षा विशेष लाभग्राहीहरु (जस्तै बालबालिकाहरु, सुत्केरी एवं गर्भवती महिला, ज्येष्ठ नागरिक आदि) को विशेष आवश्यकताहरु सम्बोधन गर्न नसकिने अवस्था हुने हुनाले त्यस्तो अवस्थामा विशेष थप नगद सहायता प्रदान गर्ने विशेष अवस्था भएमा,<br>- कमजोर तथा उच्च संकटासन्न अवस्थामा रहेका समुह जस्तै बालबालिकाहरु, सुत्केरी एवं गर्भवती महिला, ज्येष्ठ नागरिक, एकल महिला आदिहरुको फरक फरक आवश्यकताहरु सामग्री मार्फत सहयोग गर्न असम्भव भएको अवस्थामा र नियमित राहत सहायताले ति विशेष आवश्यकताहरु सम्बोधन गर्न छुटेको अवस्थामा,<br>- बजार आंशिक तथा पूर्ण रुपमा सञ्चालन भएको र ति विशेष आवश्यकताहरु स्थानीय बजारमा उपलब्ध हुन सक्ने अवस्थामा । |

**१३. <u>योजना निर्माण तथा अनुमति सम्बन्धि व्यवस्थाः</u>**

(१) विपद् व्यवस्थापन क्रियाकलाप सहितको योजना तयार गरी आ-आफ्नो पक्षबाट पुनरावलोकन गरी आवश्यक निर्णयहरु सहित यस समितिमा पेश गर्ने।

(२) पारित भई कार्यान्वनको लागि स्वीकृत भएको कार्यक्रमको बिस्तृत विवरण यस कार्यविधिले माग गरे बमोजिमको सूचना सहित दफा २६ को अनुसूची १ को फारम भरी यस नगरपालिकालाई कार्यक्रम/परियोजना सञ्चालन गर्नु अगावै बुझाउनु पर्ने छ ।

(३) योजना निर्माणको क्रममा क्रियाकलापहरुको सूची तयार गर्दा यस कार्यविधिले निर्दिष्ट आवश्यक सूचना तथा तथ्यांकहरुको लेखाजोखाको आधारमा गरिनु पर्दछ।

(४) न्यूनतम शर्त तथा प्रक्रियाहरु पुरा नगरेका कार्यक्रमहरुको सञ्चालन अनुमति यस समितिले दिने छैन ।

## परिच्छेद –७
## लक्षित समुह निर्धारण तथा लाभग्राही दर्ताः

**१४. लक्षित समुह निर्धारण सम्बन्धी व्यवस्थाः**

(१) विपद्ले जन-धनमा व्यापक क्षति गरेको तथा क्षतिको प्रभाव कुनै निश्चित भूभागमा एकनाशको देखिएमा प्रभावित समुदायहरुका सबै घरधुरी सामेल हुने गरी लक्षित समुह निर्धारण गरिने छ । अकस्मात हुने विपद् (जस्तै बाढी, पहिरो, भूकम्प, बन्यजन्तुको आक्रमण, खडेरी, आदि) को

सुरुवाती चरणमा आवश्यकता तथा श्रोतको उपलब्धताको आधारमा सहायता प्रदान गर्नेबारे समितिले निर्णय गर्ने छ ।

(२) विपद्ले जन-धनमा व्यापक क्षति गरेको तर क्षतिको प्रभाव भिन्न-भिन्न भएको अवस्था भएमा सबैभन्दा बढि प्रभावित, अति बिपन्न, उच्च संकटासन्न अवस्थामा रहेका तथा यस्तै सूचकहरूको आधारमा व्यक्ति, घर-परिवार, तथा समुदायहरुलाई छनौट गरी नगद सहायता प्रदान गरिने छ ।

(३) छनौट प्रक्रियालाई पारदर्शी बनाईने छ र गुनासोलाई व्यवस्थित तवरले संकलन तथा सम्बोधन गर्न प्रबन्ध मिलाउनु पर्ने छ ।

(४) छनौट प्रक्रियामा प्रभावित समुदायको सहभागिता गराइने छ जसबाट विशेष अवस्था तथा आवश्यकताबारेमा वस्तुगत जानकारी प्राप्त हुने छ ।

(५) लक्षित व्यक्ति, घर-परिवार, तथा समुदायहरुको अन्तिम सूची तयार गरी सार्वजनिक गरिने छ ।

**१५. लाभग्राही दर्ता सम्बन्धी व्यवस्थाः**

(१) दफा १४ अनुसारको अन्तिम सूची तयार भइसकेपछि नगद सहायताको ढाँचा अनुसार र उपलब्ध दर्ता प्रक्रिया प्रयोग गरी लाभग्राहीहरु दर्ता गरिने छ ।

(२) अनुगमनको सिफारिस तथा गुनासो सुनुवाइको आधारमा लाभग्राही दर्ता अद्यावधि गरिने छ ।

## परिच्छेद –८

## नगद सहायता वितरण तथा परियोजना सञ्चालन

**१६. नगद सहायता वितरण तथा परियोजना सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) दफा १३ अनुसार योजना निर्माण गरिसकेपछि यस कार्यविधिको मार्गनिर्देशनमा कुनै कारणले ढिलो नगरी नगद सहायता योजना कार्यान्वयन गरिने छ ।

(२) लाभग्राहीहरुको हातमा समयमै सहायता पुर्याउनका लागि उपयुक्त वितरण संयन्त्र के हुन सक्छ, जस्तै खाममा राखेर नगद प्रदान गर्ने, बैंक तथा वित्तीय सेवा प्रदायकद्वारा सञ्चालित व्यक्तिगत खातामा जम्मा गरिदिने, या कुनै वित्तीय सेवा प्रदायकलाई घुम्ती बैंक, घुम्ती **ATM** अर्थात् **E-Cash** गर्न अनुरोध गरी तथा स्वीकृति दिई गर्ने आदिको निर्णय तत्कालिन परिस्थिति, अवस्था तथा लाभग्राहीहरुको प्राथमिकताको आधारमा गरिने छ ।

(३) लाभग्राहीहरुको हातमा सिधै नगद प्रदान गर्ने निर्णय अन्य विकल्पहरु सम्भव नरहेको अवस्थामा मात्रै गरिने छ । सिधै नगद प्रदान गर्दा सुरक्षाको चुनौतिहरु पनि बढ्ने हुनाले बैंक तथा वित्तीय सेवा प्रदायकले उपलब्ध गराएको खातामा जम्मा गरिदिने पद्दतिको विकास तथा बिस्तार गरिने छ र उक्त कार्यका लागि यस नगरपालिकाले सहयोगी संघ/संस्थालाई अनुरोध गर्न सक्ने छ ।

(४) स्थानीय सुरक्षा संयन्त्रको परिचालन गरी सुरक्षा चुनौतिहरु सम्बोधन गर्न यस नगरपालिकाले आवश्यक समन्वय तथा निर्णयहरु गर्ने छ ।

**१७. नगद वितरणका बैकल्पिक पद्वतिहरु छनौट सम्बन्धी व्यवस्थाः**

(१) ग्रामिण दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय सेवाको पहुँच नभएको या न्यून भएको अवस्थामा प्रत्यक्ष नगद प्रदान गरिने छ जसको लागि स्थानीय सुरक्षा संयन्त्रको परिचालन गरी घुम्ती शिविर सञ्चालनमा ल्याइने छ ।

(२) शहरी क्षेत्रमा बैंक तथा वित्तीय सेवा प्रदायक संस्था तथा अन्य कुशल नवीनतम प्रविधिको प्रयोग गरी व्यक्तिगत खातामा जम्मा गर्ने व्यवस्था गरिने छ ।

(३) धेरै किस्तामा गरिने सहायतामा बैंक तथा वित्तीय सेवा प्रदायकले उपलब्ध गराएको खाता अनिवार्य गरी उक्त पद्वति मार्फत मात्रै नगद सहायता गरिने छ। सामान्य अवस्थामा पनि बैंकिङ्ग प्रणाली मार्फत नगद कारोबार गर्न/गराउन यस नगरपालिकाले सम्बन्धित सबैलाई अनुरोधका साथ निर्देशन दिने छ ।

(४) ग्रामिण क्षेत्रमा बैंकिङ्ग साक्षरता सम्बन्धी तयार गरिएका कार्यक्रमहरुलाई यस समितिले विशेष प्राथमिकता दिई कार्यान्वनका लागि सहायता गर्ने छ ।

(५) नगद सहायता कार्यलाई प्रभावकारी बनाउन तथा समयानुकुल बनाउन समितिले विभिन्न बैंक तथा वित्तीय सेवा प्रदायकहरुलाई आवश्यक निर्देशन दिन सक्ने छ ।

## परिच्छेद –९

## अनुगमन तथा मूल्यांकन

**१८. नगद सहायता कार्यक्रमको अनुगमन सम्बन्धी व्यवस्थाः**

(१) नगद सहायता कार्यक्रमको अनुगमनको मुख्य-मुख्य उद्देश्यहरु निम्न प्रकारका रहेका छन्ः

(क) कार्यक्रमको उपयुक्तताको सुनिश्चितता कायम गर्न,

(ख) योजना अनुरुप कार्यक्रम सञ्चालन भए-नभएको सुनिश्चित गर्न/गराउन,

(ग) आशातित प्रतिफल उपलब्ध भए-नभएको सुनिश्चित गर्न/गराउन,

(घ) आवश्यकता र अवस्था अनुसार समय-समयमा नगद सहायता कार्यक्रमको परिमार्जन तथा समायोजन गर्न/गराउन,

(ङ) कालोबजारी, अप्राकृतिक बजारको अभाव सृजना गर्ने, अप्राकृतिक मूल्य वृद्धि गर्ने जस्ता कार्य नियन्त्रण गर्न/गराउन, र

(च) विपद् पश्चात बजारको बदलिदो अवस्थाबारे नियमित जानकारी लिन।

(२) अनुगमन प्रक्रिया र यस सम्बन्धी व्यवस्थाः

(क) यस कार्यविधि बमोजिम नगद सहायता कार्यको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि समितिको संयोजक वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप एक सदस्य समेत संलग्न रहेको अनुगमन टोली (उप-समिति) खटिई विपद्को समयमा या विपद् पश्चात गरिने नगद सहायता सम्बन्धी सम्पूर्ण कामको अनुगमन गर्न सक्नेछ ।

(ख) उपदफा (२) (क) बमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(ग) उपदफा (२) (ख) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा नगद सहायता कार्यक्रम सञ्चालनमा कुनै कमी-कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(घ) नगद सहायता सम्बन्धी कुनै पनि कार्यमा कुनै गम्भिर त्रुटी रहेको र त्यसलाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ ।

(ङ) अनुगमनका क्रममा कुनै व्यक्ति अथवा संलग्न संस्थाले झुठ्ठा विवरण पेश गरी व्यक्ति, संथा तथा अन्य स्वार्थका उदेश्यले नगद सहायता कार्यक्रम सञ्चालन गरेको पाईएमा दोषी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(च) यसै दफाको उपदफा (२) (क) बमोजिमको अनुगमन टोलीमा उपलब्ध भएसम्म विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न संघ-संस्था, उद्योग-व्यवसायसंग आवद्ध संगठन, नागरिक समाज तथा पत्रकार आवद्ध संघ-संगठन र सहायता उपलब्ध गराउने व्यक्ति वा संघ-संस्था/निकायको प्रतिनिधि समेतलाई संलग्न गराईनेछ ।

(छ) अनुगमन टोलीले उद्देश्य अनुरुप भए-नभएको, चुनौती-अवसरहरु भए-नभएको तथा प्रगति एवं अवस्थाबारे जानकारी संकलन गर्ने उद्देश्य अनुरुप समान बुझाई र एकरुपता ल्याउने उद्देश्य सहित छोटो प्रश्नावली तयार गरी अनुगमन गर्ने छ ।

(३) जुनसुकै पद्दति अपनाई प्रदान गरिएको नगद सहायताको उपयोगिता, यसले पार्न सक्ने सकारात्मक तथा नकारात्मक दुवैखाले प्रभाव/असरहरू एवं कार्यक्रमको सान्दर्भिकता आदिको विश्लेषण गर्न र भविश्यमा यस प्रकृतिका कार्यक्रमहरुको सफल कार्यान्वयन गर्ने, गराउने हेतुले वितरण पश्चात गरिने “वितरण पश्चातको अनुगमन/**PDM**” लाई नियमित गर्ने व्यवस्था गरिने छ ।

(४) दफा १८ को उपदफा (३) अनुसारको **PDM** गर्न सफ्टवेयर अथवा लिखित जाँचसूची/प्रश्नावली तयार गरी  व्यक्तिगत गोपनीयता ऐन, २०७५ को मर्मानुसार सूचना संकलन, विश्लेष्ण तथा व्यवस्थापन गरिने छ ।

**१९. <u>नगद सहायता कार्यक्रमको मूल्यांकन सम्बन्धी  व्यवस्थाः</u>**

(१) नगद सहायता कार्यक्रम (हरु) को “उपर्युक्तता”, “कुशलता”, तथा “प्रभावकारीता” दर्शाउने मुल्यांकन गर्नु आवश्यक रहन्छ ।

(२) यस प्रकृतिका नगद सहायता कार्यले जीविकोपार्जन, स्थानीय अर्थतन्त्र तथा समाजमा के-कस्ता सकारात्मक तथा नकारात्मक “प्रभावहरु” पर्दछन या परेका छन् एवं प्रभावहरु कतिको “दिगो” रहन्छन् भन्ने जानकारीहरु पनि मूल्यांकनको माध्ययमबाट संकलन गरिने छ ।

(३) समितिले या समितिको निर्देशनमा दफा १९ को उपदफा (१) बमोजिम “मुल्यांकन प्रश्नावली” तयार गरी समन्वयात्मक तवरले नगद सहायता कार्यक्रमहरुको मुल्यांकन गर्ने छ ।

# परिच्छेद –१०
## विविध

**२०. राहत सहयोगार्थ सहायता रकम विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने सम्बन्धी व्यवस्थाः**

(१) विपद्को समयमा नगद सहायता गर्न इच्छुक व्यक्ति, धार्मिक एवं परोपकारी संस्था, युवा समुह, आमा समुह, टोलसुधार समुह तथा अन्य कुनैले सहयोग गर्ने राहत (नगदमा) यस नगरपालिकाको विपद् व्यवस्थापन कोषमा जम्मा गर्न बिस्तृत जानकारी सहित यस समितिलाई राहत कार्यमा सामेल हुनको लागि निबेदन सहित पेश हुनुपर्दछ ।

(२) सहयोग गर्न चाहने जोसुकैले यस नगरपालिकाको राहत/विपद् व्यवस्थापन कोष शीर्षकमा तोकिएको बैंकको खातामा जम्मा गरी बुझाएको भौचरको एक प्रति यस समितिलाई बुझाउनु पर्ने छ ।

(३) राहत कार्यमा सहयोग गर्ने सबैलाई यस नगरपालिकाले सम्मान गर्न सक्नेछ ।

(४) नेपालको विद्यमान कानून तथा नीति/नियममा रही राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, संयुक्त राष्ट्र संघीय निकाय, साझेदार तथा मानवीय सेवामा कार्यरत संघ-संस्थाले यस नगरपालिकाको विपद् व्यवस्थापन कोषमा दाखिला गर्न नीतिगत अफ्ठेरो परिस्थिति हुन गएमा, या नचाहेको अवस्थामा उक्त कार्यक्रमहरु यस नगरपालिका संग समन्वय गरि सिधै सञ्चालन गर्न सक्ने छन् ।

(५) दफा १३ को उपदफा (४) अनुसार कार्यक्रम सञ्चालन गर्ने अवस्थामा यस नगरपालिकाको विपद् व्यवस्थापनमा एकद्वार प्रणाली कायम गर्ने नीतिलाई सुनिश्चित गर्न सञ्चालन गरिएका वा सञ्चालन गर्न थालिएका नगद सहायताका कार्यक्रमहरु यसै कार्यविधिमा रहेको दफा २६ को अनुसूची १ को फाराम सहित समितिबाट कार्यक्रम सञ्चालनको पूर्व-स्वीकृति लिनु पर्ने छ ।

**२१. परामर्श लिन सक्ने** : समितिले यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा सस्थासँग आवश्यक परामर्श लिन सक्नेछ ।

**२२. सहयोगका लागि आह्वान गर्ने** :

(१) विपद्का कारण आपत्कालिन अवस्था सिर्जना भई स्थानीय स्रोत साधन र क्षमताले विपद्को सामना गर्न कठिन भएमा यस नगरपालिकाले छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारलाई समितिको विपद् व्यवस्थापन कोषमा आर्थिक सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

(२) विपद्बाट प्रभावित व्यक्ति एवं परिवारलाई राहत, जीविकोपार्जन, आर्थिक-पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण जस्ता कार्यमा सहयोग गर्नको लागि समितिले राष्ट्रिय तथा अन्तराष्ट्रिय मानवीय सेवामा संलग्न संघ-संथाहरु, स्थानीय सामाजिक तथा परोपकारी संघ, संगठन, युवाक्लव, आमासमूह, स्वयम् सेवक, राष्ट्रसेवक, उद्योगी व्यवसायी, निजि क्षेत्र, प्रवुद्ध व्यक्ति तथा आमसर्वसाधारणलाई सहयोगका लागि अनुरोध गर्न सक्नेछ।

(३) विपद्का कारण प्रभावित समुदायहरुको विभिन्न क्षेत्रगत अध्ययन, बजारको अवस्थाबारे अध्ययन, नगद सहयता सम्बन्धी बिबिध अध्ययन लगायत अन्य आवश्यक अध्ययन प्रतिबेदन तयार गर्न समितिले यहाँ उपस्थित स्थानीय तथा राष्ट्रिय गैर सरकारी संस्था तथा अन्य बिकास साझेदार संस्थालाई आर्थिक तथा प्राबिधिक सहयोग उपलब्ध गराउन अनुरोध गर्न सक्ने छ ।

(४) विपद प्रतिकार्य कार्य-अवधिभरीको लागि अत्यावश्यक पर्न गएमा कुनै पनि सहयोगी व्यक्ति, संस्था या निकायलाई "स्थानीय नगद सहायता संयोजक" को लागि अनुरोध गर्न सक्नेछ ।

**२३. <u>अभिलेख राख्ने</u> :**

(१) समितिले नगद सहायता कार्यक्रम सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्ने छ ।

(२) नगर विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि अनुसार र यस नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको मार्ग निर्देशन अनुरुप नगद सहायताको लेखा व्यवस्थापन गरिने छ ।

(३) उपदफा (१) बमोजिमको अभिलेख नगर विपद व्यवस्थापन समपर्क व्यक्तिको जिम्मामा रहनेछ र उक्त अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार उपलब्ध गराईनेछ ।

(४) व्यक्तित गोपनीयता सम्बन्धी ऐन, २०७५ को मर्म अनुसार सूचना संकलन, विश्लेषण तथा व्यवस्थापन गरिनुका साथै अभिलेख राखिने छ ।

**२४. <u>उपलब्ध नगद सहायता प्रयोग गर्न नपाईने अवस्थाहरुः</u>**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि **<u>देहायको प्रयोजनका लागि</u>** राहतको लागि उपलब्ध भएको रकम अर्थात् विपद व्यवस्थापन कोषमा जम्मा भएको **<u>रकम खर्च गर्न पाईने छैनः</u>**

(क) नियमित प्रशासनिक कार्यको लागि,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गर्न, गराउन,

(घ) विपद्बाट प्रभावितलाई दिईने तोकिए बमोजिमको राहत बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठी, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न/गराउन,

(च) विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न/गराउन ।

**२५. निर्देशन दिन सक्ने :** नगरसभाले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

## २६. <u>अनुसूचीहरु</u>

(१) अनुसूची १: कार्यक्रमको बारेमा जानकारी/प्रस्तावना फारमः

| क्र.सं. **(अनुसूची १, फारम नं. १)** | सहयोगी संघ, संस्था, निकायको नाम | कार्यक्रम/परियोजनाको नाम | कार्यक्रम सञ्चालन गर्न लागिएको स्थान (समुदाय समेत खुल्ने गरी) | कार्यक्रमको लागि विनियोजित रकम | समयावधि | | आधारभूत सूचना एवं अध्ययन प्रतिबेदनहरु (यस फारम संग संलग्न गरी समितिलाई बुझाउनु पर्ने छ) | | | | | मुख्य सम्पर्क व्यक्ति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सुरुवात हुने मिति | अन्त्य हुने मिति | अवस्था विश्लेषण, बजारको द्रुत-अध्ययन प्रतिवेदन, ढाँचा (मोडालिटी) छनौट प्रतिवेदन | लक्षित वर्ग, लाभान्वित छनौट आधार एवं प्रक्रियाको प्रतिवेदन | बिस्तृत जानकारी खुल्ने गरी तयार गरिएको योजनाको औचित्य एवं लक्ष्य सहित विवरण | स्थानीय साझेदार संथा/हरु (स्थानीय गैर सरकारी संस्था, बैंक तथा वित्तीय सेवा प्रदायक, | अन्य | नाम | सम्पर्क विवरण |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ... | | | | | | | | | | | | | |

(२) अनुसूची २: कार्यक्रम सञ्चालन तथा सूचना अद्यावधि ६क/6W फारम

यस नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको स्वीकृतिमा सञ्चालित नगद सहायता कार्यको तथ्यांक नियमित अद्यावधि गर्नुपर्ने हुन्छ जसको लागि संलग्न "कार्यक्रम सञ्चालन तथा सूचना अद्यावधि ६क/6W फारम" प्रयोग गर्नु पर्दछ ।

| **संस्था/कार्यालयको नामः**<br>**सम्पर्क व्यक्तिः** **सम्पर्क नम्बर, इमेल ठेगानाः** **(अनुसूची २, फारम नं. २)** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क्र.स.** | **परियोजनाको नाम/ सहयोगको प्रकार** (के?) | **परियोजनाको औचित्य/ उद्देश्य** (किन?) | **परियोजना सञ्चालन गर्ने स्थान** (कहाँ ?) | **लाभान्वित/लक्षित वर्ग/समुदाय/समुह** (कसलाई?) | **परियोजना सुरु हुने र सम्पन्न हुने मितिहरू** (कहिले ?) | **परियोजना सञ्चालन एवं नगद सहयोग गर्ने पद्धति** (कसरी ?) | **कैफियत** |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ... | | | | | | | |

(३) अनुसूची ३ः आधारभूत बजार-व्यवसाय सञ्चालन सूचना फारम

यो बजारको द्रुत-लेखाजोखा (**RAM**) को परिमार्जित संक्षिप्त फाराम हो। सम्बद्ध संघ-संस्था तथा सहयोगी निकायहरुले आवश्यकता अनुसार समन्वयात्मक तवरले बजारको द्रुत-लेखाजोखा गर्न सक्नेछन्। यस नगरपालिकाले नगद सहायता कार्यक्रम सञ्चालन गर्न निम्न फारामको प्रयोग गरी बजार सम्बन्धी सूचनाको संकलन तथा विश्लेषण गर्ने/गराउने छ ।यस फारामलाई अवस्थानुसार परिमार्जन गर्न सकिने छ ।

| **अनुसूची ३, फारम नं. ३ः आधारभूत बजार-व्यवसाय सञ्चालन सूचना फारम** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.स | **बजारको नामः**<br>**सूचना संकलन कर्ताः**<br>**सम्पर्क नम्बरः**<br>**मितिः** | **क्षमता** स्कोर (टिक लगाउनुहोस) | | | **क्षतीको अवस्था** स्कोर (टिक लगाउनुहोस) | | | *कैफियत* |
| | | छैन | निर्वाहमुखी छ | पूर्ण रुपमा छ | पूर्ण क्षति | आंशिक क्षति | पूर्ण सञ्चालन | |
| १. | बजारको न्यूनतम सञ्चालन/परिचालनको अवस्था (नोटः यस प्रयोजनको लागि बजार भन्नाले स्थानीय एवं सामान्य अवस्थामा पहुँचमा रहेको खुद्रा तथा थोक व्यवसायहरु, सेवा-सुबिधा प्रदायकहरु आदि जसमा पैसाको कारोबार हुने गर्दछ, लाई बुझिने छ) | | | | | | | यदि उत्तर “छैन” अथवा “पूर्ण क्षति” आएमा प्रत्यक्ष नगद सहयोग अनुचित ठहरिन्छ |
| २. | के खुद्रा व्यवसाय सञ्चालित छन्? या, तत्काल सञ्चालन हुने सम्भावना छ? | | | | | | | यदि नगद प्रवाहको माध्ययमबाट तत्काल सञ्चालनको पुष्टि भएमा सहायता कार्यक्रम सञ्चालन गर्ने |
| ३. | खुद्रा व्यवसायहरु यदि सञ्चालनमा छन् या तुरुन्तै सञ्चालनमा आउन सक्दछन् भने के ति व्यवसायहरुले स्थानीयवासीको मागलाई पुरा गर्न सक्दछन् ? | | | | | | | यदि स्थानीय बजार सञ्चालनमा रहेमा, या तत्कालै सञ्चालनमा आउन सक्ने अवस्था भएमा नगद सहायता कार्यक्रमको गुणक-प्रभावद्वारा माग-आपूर्ति सम्बन्ध बिस्तारै सुचारु हुने हुनाले नगद सहायता कार्यक्रम उपयुक्त हुनजान्छ |
| ४. | के थोक व्यवसाय सञ्चालनमा छन् या तत्कालै सञ्चालनमा आउन सक्ने सम्भावनामा छन् ? के थोक व्यवसायले खुद्रा व्यवसायलाई माग अनुसार आपूर्ति गर्न सक्छ? | | | | | | | थोक व्यवसाय स्थानीय खुद्रा व्यवसायीहरुको पहुँचमा रही स्थानीय खुद्रा व्यवसायलाई माग अनुसार आपूर्ति गर्न सक्ने भएमा नगद सहायता कार्य गर्न प्रवल सम्भावना रहन्छ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | के प्रभावित समुदाय (हरु) नजिकको बजार सम्म किनमेलको लागि आवतजावत गर्न सक्दछन? (दुरी, पुल-पुलेशा, बाटो-घाटो, सवारी साधन प्रयोग आदि) | | | | | | स्थानीयबासीलाई नजिकको बजार सम्म आवतजावत गर्दा झनै जोखिम बढ्ने, धेरै समय लाग्ने जस्ता समस्या देखिएमा नगद सहायता कार्यक्रमकै "पैसाका लागि काम" कार्य पनि एकै साथ सञ्चालनमा ल्याई अवशिष्ट खतराहरू न्यूनीकरण गर्न सकिन्छ |
| ६. | बजार प्रतिस्प्रधात्मक अवस्थामा रहेको/नरहेको? | | | | | | बजार प्रतिस्प्रधात्मक हुँदा नगद सहायता कार्यक्रमका नकारात्मक प्रभावहरु कम हुँदै जान्छन् । |
| ७. | अत्यावस्यक आधारभूत वस्तु-सामग्री, सेवा उपलब्ध छ, छैन? | | | | | | के बजारले जनताको आधारभूत आवश्यकताहरु पूर्ति गर्न सक्दछ? |
| ८. | स्थानीय ब्यापारको अवस्था | | | | | | बजार छ तर व्यपार न्यून छ भने नगद सहायता कार्यले बजारमा नगद प्रबाह गरी व्यपार वृद्धि गर्न टेवा पुर्याउने हुनजान्छ |
| ९. | गोदामको अवस्था, भण्डारण क्षमता र सामग्री उपलब्धता | | | | | | |
| १०. | अन्य (उल्लेख गर्ने): | | | | | | |

(४) अनुसूची ४ः स्थानीय नगद सहायता संयोजकको लागि नमुना कार्य-शर्तहरु (**ToR**)

**(अनुसूची ४)** तपाई ..... ..................... लाई यस दोधारा चाँदनी नगरपालिकाको बिपद व्यवस्थपन समितिले आजको मिति ......./..../.... मा यस समितिको मिति ......./..../.... को बैठकको निर्णय अनुसार यस नगरपालिकाको "स्थानीय नगद सहायता संयोजक" को पदको लागि नियुक्त गरेको छ। तपाई आजको मितिले यस नगरपालिकाको मानवीय नगद सहायता प्राबिधिक एवं संयोजकको रुपमा जिम्मेवारी बहन गर्नु हुने छ र तपाइको उक्त जिम्मेवारी ........../..../.... का दिन सम्म रहने छ। तपाइको सम्पूर्ण तलब, भत्ता तथा अन्य सेवा-सुविधाहरु तपाई कार्यरत संस्थाले उक्त संथाको नियमानुसार भरण-पोषण गर्ने छ। यस कार्य शर्तहरुमा हस्ताक्षर गर्नुहुँदा तपाइले नेपालको संबिधान, प्रचलित कानून, नीति-नियम तथा राष्ट्रिय एवं अन्तराष्ट्रिय नीति-नियम एवं आचार संहिताहरु पालन गर्ने सुनिश्चितता गर्नु भएको प्रमाणित हुन्छ।

<u>काम, कर्तव्य, भूमिका र जिम्मेवारीहरू:</u>

(क) आवश्यक सूचना तथा तथ्यांक संकलन तथा विश्लेषण कार्यमा समितिलाई सहयोग गर्ने ।

(ख) नगद सहायता सम्बन्धी सम्पूर्ण कार्यको लागि सम्पर्क व्यक्तिको कार्य गर्ने ।

(ग) यस कार्यविधिको आधारमा आवश्यक प्रश्नावली एवं सूचना संकलन तथा विश्लेषणका लागि आवश्यक कार्य गर्ने ।

(घ) स्थानीय, प्रादेशिक तथा संघीय संरचनाहरुसंग नियमित समन्यव गर्ने र आवश्यक सूचनाहरु आदानप्रदान गरी यस समितिको कार्यमा सहायता गर्ने ।

(ङ) मानवीय सेवामा संलग्न यस नगरपालिकामा कार्यरत विभिन्न संघ-संस्था, साझेदारी तथा सहयोगी निकायहरु, स्थानीय उद्योग बाणिज्य संघ, नगद-प्रबाह सम्बन्धित सेवा प्रदायकहरु एवं अन्य प्रत्यक्ष-अप्रत्यक्ष संग्लन सरोकारवालाहरुसंग नियमित समन्वय तथा सहकार्य गर्ने ।

(च) लाभग्राही छनौट आधार निर्माण गर्ने तथा छनौट प्रक्रियाहरुमा सहजीकरण गर्ने ।

(छ) मूल मानवीय मापदण्डहरु, आचारसंहिता तथा अन्य सिद्धान्तहरु पालन गर्ने र गर्न सहजीकरण गर्ने, साथै नगद तथा भौचर सहायता सम्बन्धी सम्पूर्ण कार्यको कार्यान्वयन सहजीकरण गर्ने ।

(ज) बजार अनुगमन कार्य गर्न मुख्य भूमिका निर्वाह गर्ने र अनुगमन उपसमितिलाई सहयोग गर्ने ।

(झ) आवधिक तथ्यपरक प्रतिवेदनहरु तथा सूचीहरु तयार गर्ने र यस कार्य गर्न सहयोग गर्ने ।

(ञ) समुदायको गुनासो-सुनुवाई सम्बन्धी सबै व्यवस्था गर्ने, र समितिको निर्देशानुसार अन्य आवश्यक कार्य गर्ने ।

(५) अनुसूची ५: न्यूनतम मापदण्ड, न्यूनतम खर्च टोकरी (**MEB**) निर्धारण तथा नगद सहायताको आकार

घरधुरी आर्थिक विश्लेषण, जीविकोपार्जनका विद्यमान स्थानीय अभ्यासहरु, खाद्यान्न तथा आर्थिक श्रोतहरु, स्थानीय संस्कृति तथा विकासको अवस्था आदिले कुनै पनि समुदायको उत्थानशिलता प्रतिविम्बित गर्दछ । खासगरी घरधुरी आर्थिक विश्लेषण तथा जीविकोपार्जनका बिद्यमान स्थानीय अभ्यासहरु अध्ययन गरी प्रतिव्यक्ति जीविकोपार्जनका लागि आवश्यक पर्ने सामाग्रीहरु एवं अन्य अति-आवश्यक सेवा-सुविधाको निमित्त समग्रमा एकमुष्ठ कति पैसाको आवश्यकता पर्दछ भन्ने नै न्यूनतम खर्च टोकरी (**MEB**) हो।

यस नगरपालिकाले समयसापेक्ष न्यूनतम खर्च टोकरी (**MEB**) को अध्यावधि गर्ने गरि हाललाई प्रति परिवार प्रति महिनाको न्यूनतम खर्च टोकरी रु. १३,५०० लाई आधार मान्ने छ या रु. ९० प्रति व्यक्ति प्रति दिनको हिसाबले नघट्ने गरि **MEB** निर्धारण गर्ने छ जसमा समितिले क्षतिको अवस्था अनुसार **MEB** को कुनै निश्चित प्रतिशत मात्र (जस्तै ६०%=८,१००), या अवस्था अनुसार थप गरि विशेष राहत सेवा **MEB⁺** प्रदान गर्न सकिनेछ ।